धनगढी उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

प. स.:- २०८३/०८४ मिति :- २०८३/०८/०२

च. नं:-

अत्यन्त जरुरी सूचना

विषय: घरनक्सा सम्बन्धी सेवा भौतिक (हार्डकपी) माध्यमबाट सञ्चालन गरिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस धनगढी उपमहानगरपालिकाबाट प्रदान हुँदै आएको घरनक्सा पास तथा भवन निर्माणसम्बन्धी सेवा सञ्चालनका लागि प्रयोगमा रहेको अनलाइन घरनक्सा प्रणाली (e-BPS) प्राविधिक तथा साइबर सुरक्षा सम्बन्धी कारणले हालसम्म पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको व्यहोरा सम्बन्धित सबै सेवाग्राहीमा पुनः जानकारी गराइन्छ । नेपाल सरकारको एकीकृत डिजिटल प्रणाली व्यवस्थापन केन्द्रबाट सरकारी निकायका वेबसाइट तथा वेबमा आधारित प्रणालीहरूमा देखिएका साइबर सुरक्षा जोखिम न्यूनीकरण, प्रणालीको सुरक्षा परीक्षण तथा आवश्यक सुरक्षा सुधार गर्ने प्रयोजनका लागि मिति २०८३/०७/०४ देखि त्यस्ता प्रणालीहरूको पब्लिक एक्सेस अस्थायी रूपमा बन्द गरिएको सम्बन्धमा जारी सूचनाका कारण यस उपमहानगरपालिकाको घरनक्सा प्रणालीसमेत हाल अनलाइनमार्फत सञ्चालन हुन नसकेको अवस्था रहेको छ । प्रणाली पुनः सञ्चालनका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा प्राविधिक पहल भइरहेको भए तापनि हालसम्म सेवा नियमित हुन नसक्दा नयाँ नक्सा दर्ता, नक्सा संशोधन, भवन निर्माण अनुमति तथा निर्माण सम्पन्न प्रमाणपत्र लगायतका सेवा लिनुपर्ने सेवाग्राहीहरूमा पर्न गएको असुविधालाई मध्यनजर गर्दै अर्को व्यवस्था नभएसम्मका लागि घरनक्सा सम्बन्धी सेवा **भौतिक (हार्डकपी) माध्यमबाट सञ्चालन गर्ने व्यवस्था मिलाइएको** व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ । तसर्थ, घरनक्सा सम्बन्धी सेवा लिन इच्छुक सेवाग्राहीहरूले आफूले लिन चाहेको सेवाको प्रकृतिअनुसार देहायबमोजिमका आवश्यक कागजातहरू संलग्न गरी घरनक्सा शाखामा निवेदन तथा नक्सा पेश गर्नुहुन अनुरोध गरिन्छ।

१. नयाँ घरनक्सा दर्ता तथा भवन निर्माण अनुमति सम्बन्धी सेवाका लागि आवश्यक कागजातहरू:

- जग्गाधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) को प्रतिलिपि ।
- जग्गाको नापी नक्सा (ब्लु प्रिन्ट) तथा ट्रेस नक्सा ।
- चालु आर्थिक वर्षको सम्पत्ति कर/घरजग्गा कर तिरेको रसिद ।
- प्रस्तावित भवनको नक्सा तथा आवश्यक प्राविधिक विवरण, डिजाइनरको मंजुरीपत्र ,डिजाइनरको अनुमतीपत्रको नवीकरण सहितको फोटोकपी ।
- भवनको स्ट्रक्चरल डिजाइन रिपोर्ट ।

CamScanner

- नियमानुसारको निवेदन तथा अन्य आवश्यक कागजातहरू(चार किल्ला प्रमाणित, फिल्ड उतारका कागजातहरु)।

२. नक्सा संशोधन तथा थप निर्माण सम्बन्धी सेवाका लागि आवश्यक कागजातहरू:

- जग्गाधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) को प्रतिलिपि।
- जग्गाको नापी नक्सा (ब्लु प्रिन्ट) तथा ट्रेस नक्सा।
- चालु आर्थिक वर्षको सम्पत्ति कर/घरजग्गा कर तिरेको रसिद।
- यसअघि स्वीकृत भएको नक्सा तथा संशोधित गर्नुपर्ने पुरानो नक्साको प्रतिलिपि।
- संशोधनसहितको नयाँ प्रस्तावित नक्सा।
- थप निर्माणको प्रकृतिअनुसार आवश्यक पर्ने स्ट्रक्चरल डिजाइन तथा डिजाइन रिपोर्ट र डिजाइनरको मन्जुरीपत्र, डिजाइनरको अनुमतीपत्रको नवीकरण सहितको फोटोकपी।
- नियमानुसारको निवेदन तथा अन्य आवश्यक कागजातहरू।

३. निवेदन दस्तुर :

घरनक्सा सम्बन्धी सेवा प्राप्त गर्न पेश गरिने निवेदनका साथ नियमानुसार लाग्ने राजस्व तथा **निवेदन दस्तुरबापत रु. ५००।–** बुझाउनुपर्नेछ। पेश भएका निवेदन तथा कागजातहरूको प्रारम्भिक जाँच गरी प्रचलित कानुन, मापदण्ड तथा स्वीकृत कार्यविधि बमोजिम आवश्यक प्राविधिक प्रक्रिया अगाडि बढाइनेछ। आवश्यकताअनुसार थप कागजात वा विवरण माग गर्न सकिनेछ। यो व्यवस्था अनलाइन घरनक्सा प्रणाली (e-BPS) पूर्ण रूपमा सुरक्षित तथा नियमित सञ्चालनमा नआएसम्मका लागि मात्र लागू हुनेछ। e-BPS प्रणाली पुनः सञ्चालनमा आएपछि सम्बन्धित परामर्शदाताले हार्डकपीबाट नक्सा पास भएका भवनहरुको स्वीकृत नक्सा, टाँस मुचुल्का, सर्जमिन मुचुल्का, राजस्व तिरेको रसिद, निबेदन, प्राविधिक प्रतिबेदन,परामर्शदाताको मन्जुरीपत्र लगायतका कागजातहरुलाई ebps पोर्टलमा (online) submit गर्नुपर्नेछ। घरनक्सा सम्बन्धी सेवा पुनः अनलाइन प्रणालीमार्फत सञ्चालन गरिनेको जानकारी यस उपमहानगरपालिकाको आधिकारिक सूचना माध्यमबाट गराइनेछ। यसबाट सेवाग्राहीहरूमा पर्न गएको असुविधाप्रति उपमहानगरपालिका क्षमाप्रार्थी रहेको व्यहोरा अनुरोध गर्दै सेवा प्रवाहलाई निरन्तरता दिन गरिएको यस वैकल्पिक व्यवस्थामा आवश्यक सहयोग तथा सहजीकरण गरिदिनुहुन सम्बन्धित सबैमा अनुरोध छ।

.....

डिभिजनल इन्जिनियर

डिभिजनल इन्जिनियर